२०८० फागुन १२ शनिवार

आदरणीय अध्यक्ष ज्यू,
लोसपा नेपाल ,
केन्द्रीय कार्यालय
बबरमहल काठमाडौं ।

**विषयः सुझाव बारे ।**

अध्यक्ष ज्यू, यहाँ मुलुकको समस्याहरु बारे विदितै हुनुहुन्छ। इतिहासमै उत्पीडित जातजाति र समुदायको निम्ति अहिलेको सरकार कठोर, निर्दयी, उदासिन र अत्याचारी छ । हामी आन्तरिक उपनिवेशवादको सिकार त छौं नै साथै पश्चिमी सभ्यताको औपनिवेशिकताको सिकार पनि बन्न बाध्य छौं । जहाँ उपनिवेशवाद (colonialism) र औपनिवेशिकता (coloniality) कायम रहन्छ, त्यहाँ लोकतन्त्र र गणतन्त्र रहनै सक्दैन । त्यस अर्थमा नेपालमा आजको दिनसम्म लोकतन्त्र आएकै छैन भन्दा फरक नपर्ला । यद्यपि राजा पृथ्वीनारायण शाहले नेपालको भौगोलिक एकीकरण गरे देखि नै माटोको एकीकरण भयो तर मनहरूको एकीकरण भएन । अहिलेसम्मका सवै शासक वर्गहरूलाई यहाँको बहुलतालाई स्वीकार गर्नु भन्दा पनि समाप्त गर्न तिर बढी ध्यान केन्द्रित रहेको देखियो । शासक वर्गले उदारवादी र साम्यवादी विचारधारामा समाजलाई यसरी डोर्याए कि आधुनिकताको नाममा आफ्नो दर्शन, सभ्यता, सँस्कृति, ज्ञान प्रणाली, धर्म सवै समाप्त पारे । परिणामतः विगत २७० वर्षदेखि नेपाली जनता पश्चिमी औपनिवेशिक ज्ञान प्रणालीबाट दीक्षित हुन बाध्य छन । विगत ७३ वर्ष देखि आधुनिकताको नाममा सभ्यतालाई सिध्याउने र विकासको नाममा विनाशलाई बढावा दिने काम वाहेक अरु केही हुन सकेन । जसकारण आज जीवन र जगत दुवै संकटमा छन ।

यहि पश्चिमा ज्ञान प्रणालीको अनुसरणको कारणले यहाँका अल्पसंख्यक राज्यधारी अर्थात गोर्खाली राज्य सत्ताका अविच्छिन्न उत्तराधिकारीहरूले एकल राष्ट्रिय राज्यको अवधारणामा राज्य संचालन गरिरहेका छन । सन् १९९० सम्म आइपुग्दा नै जन लक, थमस हब्सहरूको उदारवादी व्यवस्था र काल माक्सका मार्क्सवादी व्यवस्थाहरू फेल हुन थालिसकेको प्रतिवेदन पश्चिमा दर्शनशास्त्री र विद्वानहरूले लेख्न थालेका थिए । त्यस प्रसंगमा हावर्ड विश्वविद्यालयका प्राध्यापक स्यामुल पि हन्टिङ्टनले एकैसौं शताब्दीको वैश्विक राजनीति भनेको सभ्यताको राजनीति र स्थानीय राजनीति भनेको जातिको राजनीति हुने दावा गरेका थिए । आज विश्व राजनीतिक परिदृश्य हेर्ने हो भने उनले दावा गरेको वेभमा ठ्याक्कै राजनीति अगाडि बढिरहेको छ । जसको ज्वलन्त उदाहरण अहिले छिमेकी मुलुक भारतमा देख्न सकिन्छ, जहाँ पूर्वीय ज्ञान प्रणालीको आधारमा सभ्यताको राजनीति शुरु भएको छ । पूर्वीय दर्शन र सभ्यताको आधारमा भारतवर्ष लोकतन्त्रको जननी भएको दाबी गरिरहदा यस कार्यमा हामी नेपालीले सहकार्य गर्नु पर्ने थियो तर त्यो वेभलाई विभिन्न बहानामा रोक्ने प्रयत्नहरू नेपालमा गरियो । तर पनि नेपालमा जोरसोरले जातिय पहिचान र अधिकारको कुराहरू शुरु हुन थाल्यो ।

माओवादी जनयुद्धमा र मधेशी, आदिवासी जनजातिहरूको आन्दोलनमा यी मुद्दाहरूले व्यापक रुपमै स्पेस पाउन थालेको थियो तर सफल हुन सकेन । त्यसको मुख्य कारण भनेको उदारवादी चिन्तन र मार्क्सवादी चिन्तन बोकेर यी मुद्दाहरु अगाडि बढाएकाले असफल भएको हो । यो मुद्दाहरू इन्डिजिनिज्म (स्वदेशवाद) को दार्शनिकताबाट अगाडि बढाएको भए पक्कै पनि सफल हुने थियो । अझै पनि यहि एकमात्र विकल्प

हो । यी सवै परिस्थितिलाई आत्मसाथ गरेर नै तपाईले पनि नेपाली कांग्रेस जस्तो पार्टी परित्याग गर्दै गर्दा गीताको श्लोक भनेको आज पनि म सम्झन्छु,

"हतो वा प्राप्स्यसी स्वर्ग जित्वा वा भोक्छ्यसे महिम,
तस्मातुदिस्ठ कौन्तेय युद्धाय कृत निश्चयः"

अर्थात बाँचे भने मधेशमा शासन सत्ता संचालन गर्छु नभए वीरगति प्राप्त गरेर स्वर्गको वास वस्छु । अझ तपाईले "मरे तो मुक्ति, जिए तो मधेश" भन्नु भयो । आज १६ वर्ष भयो, मधेशको नेतृत्व यहाँले गरिराख्नु भएको छ । स्व मुल्याङ्कन गर्ने बेला भयो कि ? निर्मम विश्लेषण गरेर संश्लेषित धारणा बनाउने कि अध्यक्ष ज्यू ? तमलोपा देखि लोसपा सम्मको यात्रा तय गरिसक्दा कहाँनेर के चुक भयो ? मधेशी जनतासामु श्वेतपत्र जारी गर्ने बेला भयो कि?

लोसपा अझै चारवटा पार्टी (तमलोपा, सदभावना, रामसपा, नेसपा) को लिगेसी बोकेको पार्टी हो । नेपाली कांग्रेस जस्तो पुरानो पार्टीमा त अझै भाग बन्डा गरेर पार्टी बलियो बनाउने कार्य भै रहेको छ भने भाग बन्डाको राजनीतिले पार्टी कमजोर हुन्छ भनेर बुझ्नु गलत भयो कि ? अझै केही बिग्रिएको छैन अध्यक्ष ज्यू, गति बढाउनलाई अब गियर चेन्ज गर्ने बेला भएको छ ।

त्यस लिगेसिको उत्तराधिकारीलाई जिम्मा लगाएर आफु विश्राम लिने पो हो कि अध्यक्ष ज्यू ? अभिभावकत्व ग्रहण गरेर मार्गदर्शन गर्ने हो कि ? इतिहासले सधैं अवसर दिदैन बेलैमा अवसर छोप्नु बुद्धिमानी होला अध्यक्ष ज्यू । हाम्रो राजनीति भनेको आन्दोलन उठाउने र अवसरवादमा परिणत गर्ने बाहेक अरु केहि हुन सकेन । त्यसकै कारण होला, मधेशमा मधेशी पार्टीहरू कमजोर भइ पुरानै एमाले, काग्रेंस जस्ता पार्टीहरू बलियो भयो । जनतामा आएको निराशालाई आशामा बदल्ने प्रयत्न गर्नु उपयुक्त होला अध्यक्ष ज्यू । नभए जसरी हाम्रो पार्टी निष्प्राण हुदै छ बिस्तारै सवैले छोडेर जानेछ । आफ्नै आमाबुवाको पनि शरीरबाट प्राण उडेपछि सन्तानले घरबाट निकालेर जलाई दिने वा गाड्ने गर्दछ, पार्टी त्यस्तो अवस्थामा पुग्दा के होला । सिमित व्यक्तिको अवसरवादको लागि क्रान्तिको दियो निभ्न नदिउँ अध्यक्ष ज्यू । देशमा मधेशी जस्तै पीडामा रहेका आदिवासी जातजाति लगायत अन्य उत्पीडित समुदायहरूसँग हातेमालो गरेर तपाइले विगतमा देखाउनु भएको बहुलराष्ट्रिय राज्यको सपना पुरा गर्नको लागि अगाडि बढ्ने बेला भएको छ । अझै ढिला भएको छैन ।

जय मधेश

...............
केशव झा,
महासचिव,
लोसपा नेपाल